महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

ढकारी गाउँपालिका, अछाम

८०७७२५०२३००

धकारी गाउँपालिका , अछाम

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-७-२२

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
ढकारी गाउँपालिका, अछाम ,
धकारी गाउँपालिका , अछाम

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।०५।२४ मा छलफल पश्चात तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ। कार्यालयबाट पेश भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार पदाधिकारीको हो।लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकार लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो।प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ।उल्लिखित समयभित्र फर्स्यौट गरि सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहिका लागि कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध छ।

छिरिङ तोप्के लामा तामाङ
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरवार, काठमाडौ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
अछाम।, achham.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा इकाई कार्यालय, मंगलसेन,
अछाम।, achham.dtco@fcgo.gov.np

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- परिचय- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा, २२७.८८ वर्ग किलोमिटर क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०७८ अनुसार २१९९८ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२२ देखि २०८०।०५।२४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु. ५४ करोड ६७ लाख ३ हजार ९४१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(ज) वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
		रकम	रकम			रकम	रकम
1	**गत वर्षको जिम्मेवारी**			1	**संघीय सशर्त खर्च**		
	क) नगद				क) पुँजिगत	38820346	195137621.3
	ख) बैंक	17035829.71	17035829.71		ख) चालु	156317275.3	
2	**राजस्व (आन्तरिक आय समेत)**		85313911.68	2	**प्रदेश स्रोत**		
	क) आन्तरिक राजस्व	4202858.64			क) पुँजिगत	2500000	2500000
	ख) राजस्व बाँडफाँड	81111053.04		3	**नगरपालिका स्रोत खर्च**		
	ग) अन्य आय				क) पुँजिगत	46128038	174030401
3	**वित्तिय हस्तान्तरण संघ**		298085000		ख) चालु	127902363	
	क) वित्तिय समानीकरण अनुदान	87875000		4	**धरौटी फिर्ता**	3530456.4	3530456.4
	ख) सशर्त अनुदान	199210000			**विविध कोष खर्च**		4811330.7
	ग) समपूरक अनुदान	4000000		5	**प्रकोप व्यवस्थापनकोष खाताको खर्च**	954700	
	घ) विशेष अनुदान	7000000		6	**विविध खर्च खाताको खर्च**	3856630.7	
4	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		8838000	7	**संघीय अनुदान फिर्ता**	15072378.73	15072378.73
	क) वित्तिय समानीकरण अनुदान	6338000		8	**विषयगत क्षेत्रको खर्च**		128228201.3
	ख) सशर्त अनुदान	0			क) सामाजिक सुरक्षा खर्च	99230837.25	
	ग) समपुरक अनुदान	0			ख) स्थानीय तह प्रशासकीय भबन खर्च	4339364	
	घ) विशेष अनुदान	2500000			ग) एकिकृत स्वास्थ्य पर्वाधार खर्च	24658000	
5	**विषयगत क्षेत्रको प्राप्ति**		128228201.3	9	**बैंक मौज्दात**	0	23393551.79
	क सामाजिक सुरक्षा	99230837.25			क) स्थानीय तह संचित कोष खाता	18725234	
	ख) स्थानीय तह प्रशासकीय भबन निर्माण	4339364			ख) धरौट मौज्दात	3883755	
	ग) एकिकृत स्वास्थ्य पर्वाधार	24658000			ग) प्रकोप व्यवस्थापनकोष खाताको मौज्दात	573704.49	
6	**विभिन्न कोषतर्फको आय**		8946344.95		घ) विविध खर्च खाताको	210858.3	

					मौज्दात		
	क) सडक बोर्ड नेपाल	2600000					
	ख) धरौटी आय	4340034.7					
	ग) प्रकोप व्यवस्थापनकोष खाताको आम्दानी	1508085					
	घ) विविध खर्च खाताको आम्दानी	498225.25					
7	अन्य विविध आय	256653.52	256653.52				
	जम्मा	546703941.1	546703941.1		**जम्मा**	546703941.1	546703941.1

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.९ करोड ९२ लाख ३० हजार, स्थानीय तह प्रशासकिय भवन निर्माणको रु.४३ लाख ३९ हजार र एकीकृत स्वास्थ्य पूर्वाधारको रु.२ करोड ४६ लाख ५८ हजार गरी जम्मा रु.१२ करोड ८२ लाख २८ हजार २०१.३ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ४२०२८५८.६४ राजस्व बाँडफाँड र अनुदानबाट रु. ३९२२३६९१२।०० समेत रु.३९६४३९७७०.६४ आम्दानी भएकोमा चालु तर्फ रु.२८४२१९६३८.६८ र पूँजिगत तर्फ रु.८७४४८३८४.०० समेत रु.३७१६६८०२२.६८ खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.९०,९०,३५९।०० खर्च भएको छ जुन आन्तरिक आयको २१६.२९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७६.४७ प्रतिशत चालु र २३.५३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **बैङ्क हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं. २१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको छ । पालिकाले पेश गरे बमोजिम खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार रहेको देखियो ।

खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
क) स्थानीय तह संचित कोष खाता	18725234	18725234	0
ख) धरौट मौज्दात	3883755	3883755	0
ग) प्रकोप व्यवस्थापनकोष खाताको मौज्दात	573704.49	573704.49	0
घ) विविध खर्च खाताको मौज्दात	210858.3	210858.3	०
जम्मा मौज्दात	23393551.8	23393552	

सैद्धान्तिक बेरुजु

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु.४३३४१२६१०.४७ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **फरक हिसाव**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. १५५३९८१।४२।- यस वर्षको प्राप्ति रु. १५५३९८१।४२ यस वर्षको भुक्तानी रु. १४३३४८७३०।३० र बैङ्क मौज्दात रु. ११५९९।७३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति (आय)	यसवर्षको भुक्तानी (व्यय)	बैङ्क मौज्दात
एकीकृत आर्थिक विवरण अनुसार	१७०३५८२९।७१	५२९६६८१११।४०	५२३३१०३८९।३०	२३३९३५५१।७८
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	१८५८९८११।१३	३८४७५३८००।००	३७९९६१६५९।१०	२३३८१९५२।०५
फरक	१५५३९८१।४२	(१४४९१४३११।४०)	(१४३३४८७३०।३०)	(११५९९।७३)

सैद्धान्तिक बेरुजु

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यबस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अबस्था छैन।यस सम्वन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक अद्यावधिक, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।

· बिभिन्न म.ले.प. फारम नं. का अतिरिक्त आन्तरिक नियन्त्रण सम्बन्धी प्रयोजनका लागि निर्धारण गरिएका म.ले.प. फारम नं. मध्ये भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८ र भ्रमण प्रतिबेदन ९०९ प्रयोगको पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन। · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस पूर्ण रुपमा लागू गरेको पाइएन।

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म.ले.प. फारम नं.५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

· प्रचलित कानुन अनुसार लेखा समितमा म.ले.प. प्रतिबेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन।

· फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाइएन।

· सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन।

· सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन।

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन। · पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।

· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। · सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन।

· दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन। · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।

· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाइएन।

· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।

· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाइएन।

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्योँट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यबस्थापनलाई प्रभाबकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				अषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेस्रो	चौथो	
पुँजीगत खर्चतर्फ	८,७४,४८,३८४	०	२,४०,८१,१८६	२३३५७५९५	४०००९६०१	१,५०,१९,९७१
प्रतिशत	१००	०	२७.५४	२६.७१	४५.७५	१००

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.८,७४,४८,३८४।०० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.० (० प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२,४०,८१,१८६।०० (२७.५४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२,३३,५७,५९५।०० (२६.७१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.४,००,०९,६०२।०० (४५.७५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै अषाढ महिनामा मात्र रु.१,५०,१९,९७१।०० (१७.१८ प्रतिशत) खर्च देखिनुले अषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **सशर्त अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान समपुरक अनुदान र विशेष अनुदानको रकम संघीय संचित कोषमा फिर्ता गर्नु पर्ने व्यवस्था छ । निम्नानुसार संघीय सशर्त अनुदान तर्फ रू १ करोड ५० लाख ७२ हजार ३७८ फिर्ता हुनु पर्नेमा सोही बराबर रकम फिर्ता भएको देखियो ।

विवरण	अनुदान	आय	खर्च	फिर्ताहुनु पर्ने	भएको
संघीय	सशर्त	199210000.00	187515004.27	11694995.73	
	समपुरक	4000000.00	2159966.00	1840034.00	
	विशेष	7000000.00	5462651.00	1537349.00	
	जम्मा	**210210000.00**	**195137621.27**	15072378.73	15072378.73
प्रदेश	विशेष	2500000.00	2500000.00	0.00	
	जम्मा	**2500000.00**	**2500000.00**	**0.00**	
	कूल जम्मा	**212710000.00**	**197637621.27**	**15072378.73**	**15073378**

सैद्धान्तिक बेरुजु

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
				जम्मा खर्चको तुलनामा
1	आर्थिक विकास	21350	19155	5.15
2	पूर्वाधार विकास	62726	41568	11.18
3	सामाजिक विकास	242626	217206	58.44
4	वातावरण तथा विकास	0	0	0
5	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	13250	12224	3.29
6	अन्य कार्यालय संचालन तथा प्रशासनिक	93460	81514	21.94
जम्मा		433412	371668	100

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५८.४४ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा शुन्य प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१२ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ५ वटा नियमावली र ३५ वटा कार्यविधि लगायत ५७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको

छ । साथै पालिकाले ८ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा कुल ९० योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.१० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि १० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय र वडास्तरिय	९०	१	४	८५

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहको आफ्नो क्षेत्र भित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजिनक सम्पत्तिको लगत तथा मर्मत सम्भारको अभिलेख अध्यावधिक गरेको छैन।सरकारी तथा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनमा कार्यालयको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १० व्यक्तिहरुलाई रु.६००,०००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम

पालिकाको कुल आन्तरिक आय को १४.२७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट**

यस पालिकाको उक्त प्रतिबेदन अनुसार कुल१००अंकमा ६१.७५ अंकप्राप्तगरेको उल्लेख छ।उक्त मुल्याँङ्कनलाई यस पालिकाको समग्र मुल्याँङ्कन राम्रै मान्ने अबस्था रहेकोकोले थप अंक प्राप्त गर्ने गरी आगामी बर्षका कार्यक्रम संञ्चालनका लागि पालिकाको ध्यान जान आबश्यक देखिन्छ।

सैद्धान्तिक बेरुजु

१९ **समिति गठन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन।ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **विपद व्यवस्थापन कोष**

विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ।पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रु ५,२८,४०४.४९ र यो वर्ष रु.१०,००,०००।०० आम्दानी भएकोमा, कोषबाट यो बर्षमा रु. ९,५४,७००.०० खर्च भई रु.५,७३,७०४.४९ बाँकी रहेको देखीयो।कोभिड कोषबाट खर्च गर्ने कार्यविधि तथा नियम बनाएको अवस्था छैन।विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **कार्य योजना**

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ।पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन।विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको १ मात्र विवाद दर्ता भएकोमा सो विवाद फर्स्यौट भई फर्स्यौट हुँन बाँकी नरहेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

२३ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३०,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.४२,०२,८५८.६४ अर्थात अनुमान भन्दा १४०.०९ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

रु.हजारमा

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३५५६९७	४२०२	१.१८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार अनुमानको तुलनामा १ प्रतिशत देखि ५३४ प्रतिशत सम्म रहेको देखिन्छ ।

क्रस	आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
१	एकिकृत सम्पत्ति कर	६०००००	३०७५५६.७५	५१.२६%
२	वहाल कर	५५०००	२९३५३५	५३३.७०%
३	अन्य कर	३००००००	१७८०४२४.१४	५९.३५%
४	नक्सापास दस्तुर	५००००	५५०	१.१०%
५	सिफारिस दस्तुर	५०००००	३७३५२७.७५	७४.७१%
६	व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	३१८६००	६३.७२%
७	नाता प्रमाणित दस्तुर	१०००००	४२००	४.२०%
८	व्यवसाय रजिष्ट्रेशन दस्तुर	९५०००	१०३५००	१०८.९५%
९	व्यवसाय कर	८०००००	१०२०९६५	१२७.६२%
	जम्मा	५७००००००	४२०२८५९	७३.७३%

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२६ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८७४४८३८४।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **कम्प्युटर लेखा प्रणाली**

पालिकाले राजश्वलाई नियमित र व्यवस्थित गर्न IPT(कर संकलन प्रणाली) सफ्टवेयर प्रयोग गरेको पाइयो।पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी रु.४२०२८५८.६४ आन्तरिक आय देखाएको पाइयो।प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परिक्षण गर्न सकिएन।सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परिक्षणको सीमा भन्दा बाहिर रहेको छ।उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष IT Audit गराउनु पर्ने देखिन्छ।उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१०,२०,९६५।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन।जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन।तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन ।

स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फछर्यौट हुनु पर्दछ । पालिकाले यो वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फछर्यौट हुन सकेको अवस्था नभएकोले नियमानुसार पेश्की फछर्यौट हुनु पर्दछ ।

क्र स	गो भौ न मिति	पेश्की प्राप्त गर्नेको नाम	म्याद नाघेको पेश्की	म्याद ननाघेको पेश्की
१	७०(२०७०।०४।०१)	रत्ना देवी दमाई-वडा सदस्य	५०,०००।००	०
२	८(२०७९।०४।०१)	रविना/कुशल/कौशिक जे.भी.	०	१,०९,६४,०००।००
३	११५(२०७९।१२।१५)	क्युव इन्फो कम्पनी प्रा.लि.	५००,०००।००	०
४	८(२०७९।०४।०१)	श्री छिचुखान पनेपाटा ग्रा.स.नि.उ.स ढकारी ८ अछाम	५००,०००।००	०
५	१३९(२०८०।०१।१४)	बलाता बेनीघाट ग्रामिण सडक नि.उ.स	७००,०००।००	०
६	४६(२०७९।०४।०१)	लाल बहादुर कुँवर	७५,०००।००	०
७	७०(२०७९।०४।०१)	इन्द्र बहादुर थापा	१८०,०००।००	०
८	७०(२०७९।०४।०१)	हर्क राज गिरि	३०,०००।००	०
९	१९५(२०८०।०१।०५)	मनोहर थापा-प्रशासन सहायक	२७,०००।००	०
जम्मा			२०,६२,०००।००	१,०९,६४,०००।००

पेश्की	२०,६२,०००

३४ **तलवी प्रतिवेदन**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।०५।१८ को चलानी नं. १८० पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको तलबी प्रतिवेदन सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको र पालिकाका कर्मचारीको खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **अनुगमन व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को (ख) मा पालिकाबाट संचालित कार्यक्रम तथा आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्न पालिकाको उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा अनुगमन तथा सुपरिवेक्षण समिति रहने व्यवस्था छ।पालिकाबाट संचालित कृषि तथा पशु, शिक्षा, लघुउद्यम तथा अन्य कार्यक्रमहरुको ऐनले तोकेको अनुगमन समिति मार्फत अनुगमन नभई अन्तिम भुक्तानी भएको पाइन्छ।यसरी ऐनले तोकेको व्यवस्था बमोजिम अनुगमन तथा सुपरिवेक्षण गरी अन्तिम भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३६ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार विद्यालयलाई अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन।तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्र.सं.	विद्यालयको नाम	विवरण	रकम
१	श्री गुरुकुल मा.वि.	पुस्तकालय स्थापनाको	६५००००।००
२	श्री त्रिपुरासुन्दरी मा.वि. माझिमा	विज्ञान प्रयोगशाला स्थापनाको	६५००००।००
जम्मा			१३०००००।००

सैद्धान्तिक बेरुजु

३७ **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९/८० को २.८.५ को क्रियाकलाप २.७.१३.१० को ५.५ मा सूचना तथा सञ्चालर प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रयोजनको लागि वार्षिक रु.१२०००।०० को दरले अनुदान उपलब्ध गराउने र विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्ने व्यवस्था छ।आर्थिक वर्ष २०७९/८० मा पालिकाले ४४ वटै विद्यालयलाई प्रति विद्यालय १२०००।०० को दरमा रु.५२८०००।०० अनुदान निकासा दिएकोमा तर पालिकाबाट अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन।तसर्थ अनुगमनलाई प्रभावकारी वनाई अनुदानमा दोहोरोपना नहुने गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **सेनिटरी प्याड खरिद**

सामुदायिक विद्यालयमा अध्ययनरत छात्राको लागि यस वर्ष पालिकाले १६७५२ प्याकेट सेनिटरी प्याड खरिद गरेको छ।सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसूची-१ मा सेनिटरी प्याडको न्यूनतम मापदण्ड तोकिएको छ।यस वर्ष पालिकाले १६७५२ प्याकेट सेनिटरी प्याड प्रति प्याकेट रु.५६।०० को दरमा ९३८१५८।०० मा खरिद गरेको छ।यसरी पालिकाले सेनिटरी प्याड खरिद प्रकृयामा कार्यविधिमा तोकिएको मापदण्ड अनुसार सेनिटरी प्याडको मापदण्ड निर्धारण गरेको पाइएन साथै कार्यविधिमा तोकिए बमोजिमको मापदण्डमा सेनिटरी प्याड भए नभएको एकिन गरेको पाइएन।पालिकाले कार्यविधिमा तोकोएको व्यवस्था पालना गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

३९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा १७ योजना सञ्चालन गरी यस वर्ष २३४ जनालाई औसत १०० दिनले रोजगारी उपलव्ध गराई रु.८१,४७,२००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना

छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **छात्रवृत्ति निकासा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को २.८.४ को क्रियाकलाप ७.२.१.१ को ४.५ मा गैरआवासिय छात्रवृत्ति प्राप्त गर्ने समुह तथा समुदाय उल्लेख गरेको छ।उक्त व्यवस्था अनुसार मगर जातिको विद्यार्थीलाई छात्रवृत्ति सम्बन्धि कुनै व्यवस्था गरेको छैन।पालिकाले निम्न विद्यालयमा मगर विद्यार्थीलाई छात्रावृत्ति रकम निकासा गरेकोले पालिकामा निकासा फिर्ता हुनुपर्ने रु.

विद्यालयको नाम	विद्यार्थी संख्या	रकम
गुरुकुल मा.वि.ढकारी	६	३०००।००
कृष्ण प्रा.वि. ढकारी	१	५००।००
सरस्वति आ.वि. बढीरुख	१	५००।००
मनकामना मा.वि. ढकारी	१	५००।००
कागेश्वरी मा.वि. ढकारी	१	५००।००
कालिका मा.वि. ढकारी	१	५००।००
अष्टसिद्धि मा.वि.	४	२०००।००
शान्ति प्रा.वि. ढकारी	२३	११५००।००
सरस्वती प्रा.वि. तलधारा	१	५००।००
त्रिपुरासुन्दरी मा.वि.	४	२०००।००
वि.पि. स्मृति आ.वि.	६	३०००।००
जम्मा	४९	२४५००।००

असुल गर्नुपर्ने	२४,५००

४१ **अनुदान व्यवस्थापन**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रकृया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मावनस्रोत केन्द्रमा पठाउने व्यवस्था छ। यस पालिकाले आर्थिक वर्ष २०७९/८० मा अनुदान दिएका निम्न विद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कार्यान्वयन भए नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिवेदनल देखिएन।अत: विद्यालयमा गएको अनुदान रकम प्रभावकारीरुपमा कार्यान्वयन भएको छ भनि विश्वस्त हुने आधार देखिएन।पालिकाले कार्याक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ।

क्र.सं.	विद्यालयलाई गएको अनुदान	रकम
१	शिक्षण सहयोग अनुदान	५६,४३,५८८।००
२	पाठ्यपुस्तक अनुदान	४५,८३,२१४।००
जम्मा		१,०२,२६,८०२।००

सैद्धान्तिक बेरुजु

४२ **शिक्षक तलब**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालन रहेका र कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ को लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ।तर पालिकाले स्वीकृत दरबन्दी बेगर एंव दरबन्दी मिलान शिक्षक तथा कर्मचारी नियुक्त गरी विभिन्न विद्यालयलाई वित्तीय समानीकरण अनुदानबाट रु.४,३६,००,०००।०० तलब भत्ता भुक्तानी गरेको पाइयो।उल्लेखित व्यवस्था अनुसार तलब भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.

विवरण	संख्या	मासिक पारिश्रमिक	जम्मा वार्षिक भुक्तानी
प्रा.वि.	५९	२००००।००	१५३४००००।००
नि.मा.वि.	४३	२२०००।००	१२२९८०००।००
मा.वि.	१६	२५०००।००	५२०००००।००
उ.मा.वि.	८	३५०००।००	३६४००००।००
बालविकास सहजकर्ता	४२	१६०००।००	४७०४०००।००(६ महिनाको मात्र भुक्तानी)
पुस्तकाल शिक्षक	९	१००००।००	११७००००।००
विद्यालय सहयोगी	८	१२०००।००	१२४८०००।००
जम्मा			४,३६,००,०००।००

अनियमित भएको	४,३६,००,०००

४३ **अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४४ **शैक्षिक गुणस्तर**

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न

स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

४५ **सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम**

कार्याक्रम कार्यान्वियन पुस्तिका, २०७९/८० अनुसार विद्यालयलाई दिने अनुदान एकिन संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नु पर्ने व्यवस्था छ।पालिकाबाट कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अर्न्तगत २७ बटा विद्यालयलाई अतिरिक्त कक्षा सञ्चालनको लागि जम्मा रु.४०००००।०० प्रदान गरेकोमा उक्त रकमको सहि सदुपयोगको सम्बन्धमा शिक्षा शाखाबाट अनुगमन भएको पाइएन।पालिकाले उक्त रकमकको सदुपयोग भएको एकिन गर्न अनुगमन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४६ **सामुदायिक सिकाई केन्द्र**

निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विद्यान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारण सभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु.२०००००।०० अनुदान उपलब्ध गराउने उल्लेख छ।शैक्षिक पहुचमा सुनिश्चितता, अनौपचारी तथा वैकल्पिक शिक्षा कार्यक्रम अर्न्तगत सामुहिक सिकाई केन्द्र संचालन वापत निम्म शिकाईकेन्द्रलाई संचालन अनुदान निकासा भएको देखियो।उक्त केन्द्रलनई निकासा भएको अनुदानको उपयोग र उपलब्धि खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन।अत: अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

क्र.सं.	सिकाई केन्द्रको नाम	रकम
१	जाल्पादेवी सामुदायिक सिकास केन्द्र	२०००००।००
२	त्रिवेणी सामुदायि सिकाइ केन्द्र	२०००००।००
३	श्री कृष्ण सामुदायिक सिकाई केन्द्र	२०००००।००
४	श्री घोडासैन सामुदायिक सिकाइ केन्द्र	२०००००।००

सैद्धान्तिक बेरुजु

४७ **कार्य सम्पादनमा आधारित अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार तोकिएको सुचकाङ्कका आधारमा कार्यासम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान विद्यालयले शिक्षण सिकाई सम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चित गरी रु.५० हजार र उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढिकरणका लागि रु.२ लाख भुक्तानी दिने र सो रकमको निर्देशिका अनुसार मापदण्ड पालना गरे नगरेको तथा प्रस्तावका आधारमा विभिन्न सुचक निर्धारण गरी ती सुचक मुल्याङ्कन गरी उत्कृष्ट विद्यालयलाई अनुदान दिने उल्लेख छ। पालिकाको शिक्षा शाखाबाट विद्यालयको स्व-मुल्याङ्कनको आधारमा देहाएका विद्यालयलाई निकासा भएको देखियो। कार्यान्वियन पुस्तिकाको सबै व्यहोरा पालना गरी अनुदान दिएको सुनिश्चित हुने आधार प्रमाण नभएकोले सो अनुसार गरेको प्रमाण पेश हुनुपर्दछ।

क्र.सं.	विद्यालयको नाम	अनुदानको प्रकार	रकम
१	गरुकुल मा.वि ढकारी		२०००००।००
२	कालिका देवी मा.वि हिच्मा		५००००।००
३	कालिका देवी मा.वि हिच्मा		५००००।००
४	विश्वज्योति आ.वि रिमा		५००००।००
५	गौरीशंकर आ.वि जुतिताली		५००००।००
६	गोकुल आ.वि मैकाडाडा		५००००।००
७	अष्टसिद्धि मा.वि ढुंगाचाल्ना		५००००।००

सैद्धान्तिक बेरुजु

४८ बढी निकासा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ।तर पालिकाले अवकाश प्राप्त शिक्षकलाई पनि निकासा दिएको रु.२४,१९८।०० बढी निकासा खर्च लेखेको छ।तसर्थ बढी निकासा दिएको रकम असूल गरी सम्बन्धीत राजश्व खातामा दाखिला हुनुपर्ने रु.

विद्यालयको नाम	विवरण	मिति	बढी निकासा भएको रकम
श्री सूर्य आ.वि.ठूलासैन	शिक्षक श्री नरपता भण्डारी अवकास	२०७९/१२/२०	११६४०।००
श्री मालिका आ.वि.दाउमोरा	शिक्षक श्री पुष्पराज भण्डारी अवकास	२०७९/१२/२४	४६५६।००
श्री मालिका आ.वि.दाउमोरा	शिक्षक श्री टंक प्रसाद भण्डारी अवकास	२०७९/१२/२४	७९०२।००
जम्मा			२४१९८।००

असुल गर्नुपर्ने	२४,१९८

४९ प्रति विद्यार्थी लागतका आधारमा अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अर्न्तगत विद्यालयलाई अनुदान निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष ४४ वटा विद्यालयलाई जम्मा रु.३४,१७,२५०।०० निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५० शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४४ वटा सामुदायिक विद्यालयमा १४१ शिक्षक दरवन्दी रहेकोमा १४१ शिक्षकको

पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ।पालिकाका स्थित ४४ वटा सामुदायिक विद्यालयमा ७५४६ जना विद्यार्थी अध्ययनरत रहेका छन्।पालिकाले न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	थप पदपूर्ति निजी स्रोत(पालिका अनुदान)	विद्यार्थी संख्या
१	गुरुकुलमा.विढकारी१ढकारी	२०	२०	१३	१४	११३५
२	विश्वज्योतिआ.विढकारी१रिमा	४	४	०	५	२१४
३	विद्यानिवासआ.विढकारी१रिमा	३	३	०	३	१३८
४	जाल्पादेविप्रा.विढकारी१ढकारी	२	२	०	०	४९
५	मदनआश्रितप्रा.विढकारी१ढकारी	२	२	०	१	४३
६	कृष्णप्रा.विढकारी१बासल्ला	१	१	०	१	४४
७	सरस्वतिप्रा.वि. ढकारी१डुफा	०	०	०	२	६०
८	कालिकादेविमा.वि .ढकारी२हिच्मा	१८	१८	७	१	६३४
९	सरस्वतिआ.वि. ढकारी २ बडीरुख	३	३	१	३	१९७
१०	जाल्पादेविप्राविढकारी २ ठाचौका	३	३	०	१	९०
११	पुस्तिकाप्रा.वि. ढकारी२फाटाबगर	२	२	०	१	९३
१२	गौरीशंकरआ.विढकारी३जुतिताालि	४	४	१	६	३०४
१३	पञ्चज्योतिआ.वि. ढकारी३चिउटेखाल	२	२	०	६	२७७
१४	मालिकाप्रा.वि. ढकारी३हिच्मा	०	०	०	२	५८
१५	शिशुसुधारप्रा.वि. ढकारी३. बागबेते	१	१	०	१	७२
१६	सूर्यप्रा.विढकारी३ठूलासैन	१	१	०	१	३४
१७	जनसेवाप्रा.वि.ढकारी३. बेराजु	०	०	०	२	१९
१८	दिपज्योतिप्रा.वि. ढकारी ३ कोइरेली	०	०	०	२	३९
१९	मनकामनामा.विढकारी४बलाता	८	८	२	४	५०१
२०	कागेश्वरीप्रा.विढकारी४भिरमोड	२	२	१	१	७५
२१	मालिकाप्रा.वि. ढकारी४दाउनामोरा	३	३	०	०	५९
२२	ज्ञानमन्दिरमा.वि. ढकारी५करोड	८	८	२	४	३८२
२३	गोकुलआ.वि.ढगा.पा५मैकाडाडा	३	३	१	५	२७८
२४	कालिकाप्रा.विढकारी५ तिखान	२	२	१	१	१०४
२५	सरस्वतिप्रा.वि.ढकारी५चैनपुर	०	०	०	२	७०
२६	अष्टसिद्धिमा.विढकारी६ ढुङ्गाचाल्ना	११	११	२	७	६३३
२७	कर्मचन्द्रआ.वि.ढकारी.६अमगाउँ	२	२	०	३	१५२
२८	पञ्चज्योतिआ.वि. ढकारी६गलबाल	४	४	२	३	१५५
२९	भगवतिप्रा.वि. ढकारी६ओडार	१	१	०	२	५७
३०	मनकामनाप्रा.विढकारी६मोय	१	१	०	३	१४०

३१	कालिकामन्दिरप्रा.वि.ढकारी६सेरा	१	१	०	२	४८
३२	पञ्चकन्याप्रा.विढकारी६मोयकाडा	२	२	०	२	८४
३३	शान्तिप्रा.विढकारी६मैथुम	०	०	०		४२
३४	मालिकामा.विढकारी७टिमु	४	४	०	६	२६५
३५	त्रिपुरेश्वरीआ .विढकारी७थारम	३	३	२	४	२२९
३६	जनताप्रा.विढकारी७ड्डुफा	२	२	०	०	२४
३७	सरस्वतीप्रा.विढकारी७तलथारा	१	१	०	२	१०८
३८	पशुपतिनाथजनकल्याणप्रा.वि.७रुज	२	२	०	३	९२
३९	त्रिपुरासुन्दरीमा. विढकारी८माझी	४	४	१	८	२२२
४०	वि.पि.स्मृतिआ.विढकारी८पैयासैन	३	३	०	४	७८
४१	शिशुसुधारप्रा.वि. ढकारी८. पल्साता	३	३	०	२	११७
४२	विश्वज्योती आ.विढकारी८घोडासैन	२	२	०	१	६१
४३	सरस्वति आ.वि. ढकारी ८ माझी	३	३	०	१	३५
४४	जनकल्याण आ.वि. जोगिपानी ढकारी ६	०	०	०	२	३५
जम्मा		१४१	१४१	३६	१२४	७५४६

सैद्धान्तिक बेरुजु

५१ **न्यानो झोला खरिद**

स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन, २०७९/८० को १२ मा न्योनो झोलाको Specification तोकिएको छ।जसअनुसार हिमालि जिल्लाको लागि प्रति न्यानो झोला १००० र तराई र पहाडी जिल्लाको लागि प्रति न्यानो झोला ९०० को दरमा रकम रकम व्यवस्था गरिएको छ।यसरी खरिद गर्ने न्यानो झोलाको मार्गदर्शनले तोकिए बमोजिमको Specification तयार गरि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरि तोकिएको Specification अनुसार भए नभएको एकिन गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष ५०० थान न्यानो झोला प्रति थान ८९४.९६ मा रु.४४७४८०।०० AAYUSH SURGICAM Dhangadhi, Kailai बाट खरिद गरेकोमा न्यानो झोलाको Specification तयार नगरेको तथा तोकिएबमोजिमको Specification भए नभएको एकिन गरेको छैन।पालिकले मार्गदर्शनमा उल्लेखित Specification अनुसार न्यानो झोला खरिद तथा तोकिएको गुणस्तर अनुसार भए नभएको एकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५२ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ। तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. ४०,५०,८५०।०० को औषधि सोझै खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नुसार छनः

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५३ **बाख्रा पकेट कार्यक्रम** (१९०-२०८०-१-३):

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वियन म्यानुयलको परिच्छेद-७ को ७.१ कृषि उत्पादन सामाग्री पशु नश्ल लगायतमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ।नयाँ बाख्रा पकेट कार्यक्रम अर्न्तगत १२५००।०० को दरमा २० वटा बाख्रा रु.२५००००।०० मा र प्रति बोका रु.२००००।०० को दरमा ५ वटा बोका १०००००।०० मा गरी ३५००००।०० को बिल संलग्न गरिएको छ।परियोजना कार्यान्वियन म्यानुयल असुसार पालिकाबाट कुल बिल रकमको ५० प्रतिशतको दरले रु.१७५०००।०० अनुदान भुक्तानी हुनुपर्नेमा रु.३५००००।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्न रु.

असुल गर्नुपर्ने	१,७५,०००

५४ **सुन्तला पकेट कार्यक्रम** (३४८-२०८०-३-२१):

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वियन म्यानुयलको परिच्छेद-७ को ७.१ कृषि उत्पादन सामाग्री विउ, वेर्ना तथा विरुवामा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ।सुन्तला पकेट कार्यक्रम अर्न्तगत ५५०० वटा सुन्तलाका वेर्ना रु.२४७५००।०० र १००० वटा कागतीका वेर्ना रु.४५०००।०० मा गरी ३३६३७५।०० र ढुवानीमा रु.५००००।०० रकमको बिल भरपाई पेश भएकोमा कामदारले रकम बुझेको भरपाई मार्फत समुहले रु.३१३६००।०० रकमको लागत सहभागिता रहेको देखिन्छ।उपलब्ध श्रेस्तामा कामदारको डोर हाजिरी संलग्न नभएको तथा समूह सदस्यको कम लागत सहभागिता बराबरको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२२,७७५

५५ **आलुपकेट कार्यक्रम**

५५.१ (४७-२०७९-८-१८):

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वियन म्यानुयलको परिच्छेद-७ को ७.१ कृषि उत्पादन सामाग्री विउ, वेर्ना तथा विरुवामा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ।नयाँ आलुपकेट कार्यक्रम संचालनको लागि छनौट भएको त्रिपुरा सुन्दरी सामुदायिक कृषक समुह ढकारी, ६ संग पालिकाले मिति २०७९/०७/०४ मा रु.१७,१४,५००।०० को कुल लागतमा गाउँपालिकाबाट रु.१२०००००।०० अनुदान दिने सम्झौता भएको छ।गो.भौ.नं. ४७(२०७९/०८/१८) रु. ७० को दरमा ५६०० कि.लो. आलु रु.३९२०००।००, अन्य मलखाद तथा कृषि सामाग्री रु.१,६८,३५०।०० मा र ढुवानी वापत रु.३२०००।०० को बिल भरपाई संलग्न भएको छ। यसरी उल्लेखित बिल भरपाई अनुसार आलुको बिउ खरिद वापत पालिकाले ५० प्रतिशत अनुदान रु.१९६०००।००, अन्य मलखाद तथा कृषि सामाग्री खरिद वापत ५० प्रतिशत अनुदान रु.८४,१७५।०० र ढुवानीमा शतप्रतिशत अनुदान वापत रु.३२०००।०० गरी जम्मा अनुदान रु.३१२१७५।०० भुक्तानी हुनुपर्नेमा रु.३९२०००।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	७९,०२५

५५.२ (१५०-२०७९-१२-१२):

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वियन म्यानुयलको परिच्छेद-७ को ७.१ साना सिँचाई पूर्वाधार अन्र्तगत कृषक समुहलाई अधिकतम ८५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ।नयाँ आलुपकेट कार्यक्रम संचालनको लागि पालिकाले त्रिपुरा सुन्दरी सामुदायिक कृषक समुह ढकारी, ६ संग भएको सम्झौता अनुसार दुई वटा सिचाई पोखरी निर्माणको लागि पालिकाबाट रु.३०००००।०० अनुदान उपलब्ध गराउने र ६००००।०० कृषक समुहको सहभागिता रहने व्यहोरा उल्लेख भएकोमा २ वटा सिचाई पोखरी निर्माणको रु.३३५८९६।३० को कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ।पालिकाले कुल कार्यसम्पन्नको ८३.३३ प्रतिशत र कृषक समुहले १६.६७ प्रतिशत लागत व्यहोर्ने गरि सम्झौता भएकोमा कार्यसम्पन्न अनुसार गाउँपालिकाले कार्यसम्पादन ३३५८९६।३० को ८३.३३ प्रतिशत अर्थात रु.२७९९००।०० भुक्तानी हुनुपर्ने रु.२८५०००।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	५,१००

५६ **खरिदमा न्यून प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन २०६३ को प्रस्तवनामा खरिदलाई खुला र प्रतिस्पर्धी बनाउने उद्देश्य लिएको छ ।त्यसै गरी ऐनको दफा २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही नहुने व्यवस्था छ । यो वर्ष पालिकाबाट भएका निम्नानुसार खरिदका ठेक्का प्रक्रियाको परीक्षण गर्दा ईविडिङ् मार्फत नै बोलपत्र आह्वान भएको देखिएको भएता पनि प्रतिस्पर्धा नै नभई लागत अनुमान बराबरकै रकममा ठेक्का बन्दोबस्त भएको देखियो । खरिद प्रक्रियामा वोलपत्रदाताहरु बीच मिलोमतो भएको अवस्थामा खरिदमा प्रतिस्पर्धा सीमित हुन गई सार्वजनिक निकाय खुला प्रतिस्पर्धाको लाभबाट बन्चित हुने अवस्थालाई मध्य नजर गरी मिलोमतोको सम्भावना देखिएको ठेक्का प्रक्रिया समयमै रद्द गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन पालिकाको ध्यान जानु पर्दछ ।

खरिदको विवरण	**टेण्डर दाखिला संख्या**	**छनौट भएको व्यवसायीको नाम**	**सम्झौता रकम मु अ करबाहेक**	**लागत अनुमान भन्दा घटिएको प्रतिशत**
फेव्रिकेटेड स्टील पार्टस खरिद कार्य	**१**	**बागेश्वरी स्टिल स्ट्रक्चर प्रा लि**	१८३८३०७।००	0

सैद्धान्तिक बेरुजु

५७ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **१० सैयाको अस्पताल भवन निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको आधार र कारणबाट म्याद थप गर्नु पर्ने अवस्था दर्शाई कार्य सम्पादन जमानत, बीमा, पेश्की सम्बन्धी जमानत र संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा पेश भएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले आवश्यक जाँचबुज गरी म्याद थप गर्न सक्ने व्यवस्था छ । पालिकाको एकिकृत स्वास्थ्य पूर्वाधार अन्तर्गत १० शैयाको अस्पताल भवन निर्माण गर्ने कार्यको लागि धुलिखेल निर्माण सेवा र पालिका विच मिति २०७८।३।२२ मा २०८०।३।१५ सम्ममा सम्पन्न गर्ने गरी रू ७६१७०५४१।००(मु अ कर समेत) सम्झौता भएको छ । निर्धारित अवधिमा कार्य सम्पन्न नभई निर्माण व्यवसायीले म्याद थपको निवेदन दिएकोमा उक्त निवेदन साथ कार्य सम्पादन जमानतको म्याद थपेको देखिएन । त्यसै गरी संशोधित कार्यतालिका समेत पेश समेत नभएको अवस्थामा सम्झौताको म्याद १ वर्ष अर्थात मिति २०८१।३।१५ सम्म म्याद थप गर्ने निर्णय भएको छ । सम्झौता अनुसारको पुरै अवधि समाप्त भै सकेको अवस्थामा हाल सम्म रू १९८९०३४६।०० (मुल्य समायोजन बाहेक) अर्थात २६.११ प्रतिशत मात्र निर्माण कार्य सकिएको अवस्थाले थप भएको म्याद भित्र पनि निर्माण कार्य सकिने सम्भावना देखिदैन । अत मिति २०८२।४।१५ सम्मको कार्य सम्पादन जमानत संलग्न राखी संशोधित कार्यतालिका पेश गर्न लगाई निर्माण कार्यमा तिब्रता दिन पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **एच टि लाईन सामाग्री खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष ग्रामिण विद्युतिकरणको लागि एचटी लाइन सामाग्रि खरिदको लागि पुर्णिमा मोवाइल ग्यालरी एण्ड सम्प्लार्स सँग रू ४४८२११५।०० मा आपुर्ति गर्ने सम्झौता भई सो अनुसार सामाग्री आपुर्ति गरेको छ । यसरी यस कार्यको लागत अनुमान तथा स्पेसिफिकेशन विद्युत प्राधिकरण अछाम वितरण केन्द्रले तयार पारेको देखिन्छ । त्यसै गरी वितरण केन्द्रलाई उक्त खरिद गरिने तथा भएका सामानको सुपरभिजन समेतको लागि सम्झौता मुल्यको १.५ प्रतिशत रकम भुक्तानी गरेको देखियो । तर उक्त वितरण केन्द्रले खरिद गरिएका तथा आपुर्ति भएका सामाग्रीहर तोकिएका स्पेसिफिकेशन अनुरुप भए नभएको परिक्षण गरी प्रतिवेदन पालिकालाई दिएको छैन । साथै वितरण केन्द्रले यस कार्यको सुपरभिजन गरेको प्रमाण कागजात स्रेस्ता साथ संलग्न छैन । अत आपुर्ति गरिएका सामान तोकिएको गुणस्तरको छ भन्न सकिने अवस्था देखिदैन । अत सुपरभिजन वापतको रकम सम्बन्धित वितरण केन्द्रबाट असुल हुनु पर्ने रू

असुल गर्नुपर्ने	८६,६९५

६० **बढि ढुवानी खर्च**

सेरा शिव मन्दिरमा बन्ने झोलुङ्गे पुलको लागि आवश्यक स्टिल पार्टस खरिद तथा साइट सम्म ढुवानी गर्ने कार्यको लागि पालिका र वागेश्वरी स्टील स्ट्रक्चर प्र लि विच भएको सम्झौता साथ पेश भएको डेलिभरी एण्ड कम्पलिसन सेड्युलमा अन्तिम डेस्टिनेशन शेरा शिव मन्दिर साइट उल्लेख गरेको छ । जस अनुसार उक्त प्रालिले सम्झौता अनुसारको सबै सामान उक्त साइटमा पुर्याउनु पर्ने हुन्छ । पालिकाले यो वर्ष शेरा शिव मन्दिर झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिलाई निम्नानुसार उक्त प्रालिले खरिद गरिएका स्टिल पार्टसहरु ३१ किमिको ढुवानी वापत भुक्तानी भएको देखिएकोले प्रा लि ले सम्झौता अनुसार साइट सम्म पुर्याएको देखिएन । अत उपभोक्ता समितिलाई भुक्तानी भएको ढुवानी खर्च सम्बन्धित प्रा लिबाट असुल हुनु पर्दछ ।

विवरण	ढुवानीभएको सामानको परिमाण	प्रतिके जि ढुवानी दर	ढुवानीबापतको भुक्तानी	कैफियत
Porter cable & bull grips	3872.48	31.82	123222.31	जिल्ला दर रेट अनुसार असजिलो सामान भरियाबाट ढुवानि दर प्रति केजि रू १.०२ भएको आधारमा ३१.१९ किमि ढुवानी भएको देखिन्छ ।
Porter other material	4200	17.5	73500	
जम्मा			196722.3136	

असुल गर्नुपर्ने	१,९६,७२२

६१ **एज विल्ट ड्रईङ् पेश नभएको**

बलता स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी चक्र नम्रता निर्माण सेवा र पालिका वीच भएको सम्झौतामा निर्माण व्यवसायीले निर्माण सम्पन्न भए पश्चात निर्मित संरचनाको एज बिल्ड ड्रइङ पेश गर्नु पर्ने अन्यथा रू ३००००।०० भुक्तानी कटाएर बाकी राख्ने व्यवस्था छ । निर्माण कार्य सकिएको भनि सम्झौता अनुसार पुरै रकम भुक्तानी भएको अवस्थामा उक्त एज विल्ड ड्रईङ् पेश नभएको अवस्थामा पनि सम्झौता अनुसार रकम कट्टा गरी भुक्तानी नभएकोले एज बिल्ड ड्रईङ् पेश गर्नु पर्ने अन्यथा रू ३००००।०० धरौटीको रुपमा दाखिला गरी राख्नु पर्ने रू

प्रमाण पेश नगरेको	३०,०००

६२ **मुल्य समायोजन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ मा मुल्य समायोजनको सुत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लगाउनु पर्ने हुन्छ । प्रमुख प्रशासकीय भवन निर्माण कार्यको ठेकेदार निर्माण व्यवसायी रविना जुगल कौशिक जेभीले पेश गरेको सुत्र अनुसार पहिलो रनिङ् र दोस्रो दुबै रनिङ् विलको योगको रकममा मूल्य समायोजन ईन्डेक्स ०.०८६१ कायम भएको देखाएको छ । तर पहिलो रनिङ् विल पहिले नै तयार भैसकेको हुने र उक्त रकम समेतलाई पछिल्लो रनिङ विलको रकम सँग जोडेर मुल्य समायोजन गणना गर्दा निम्नानुसार पहिलो रनिङ् विल वापत जानु पर्ने भन्दा बढि रकम भुक्तानी हुन जान्छ । पहिलो रनिङ् विल तयार हुदाको मिति भन्दा एक महिना पहिलेको मिति २०२२ अप्रिल १ को नेपाल राष्ट्र बैङ्कको ईन्डेक्स लिदा पहिलो विलको लागि मुल्य समायोजन फ्याक्टर निम्नानुसार ०.०५२७ हुने देखिन्छ । अत छुट्टा छुट्टै रनिङ् विलको मुल्य समायोजन गणना गर्दा जम्मा रू ७००४९७।०० मात्र भुक्तानी दिन मिल्ने देखिन्छ । तर पालिकाले मूल्य समायोजन बापतको रकम गणना गर्दा २ रनिङ् विलको योग समेत रू १४०३५५५५।०० (११६२४३२६ हुनु पर्ने) राखेर गणना गर्दा रू १२०८४६।०० भुक्तानी भएकोले निम्नानुसार हुनु पर्ने रू ७००४९७।०० भन्दा बढि भुक्तानी असुल हुनु पर्छ ।

Date of IPC	Running Bill	Index of Price Escalation	Amount of IPC	Price Adjustment Amount
1st Oct 2022	IPC 1	0.05270153	8993163	473953.4508
13th April 2023	IPC2	0.0861	2631163	226543.1343
	Total		11624326	700496.5851

असुल गर्नुपर्ने	५,७९,६५०

६३ **मु अ कर कट्टि**

मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६गमा सरकारी वा सार्वजनिक निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा वापत भुक्तानी गर्दा निजलाई भुक्तानी गरिने मु अ कर रकमको ३० प्रतिशत हुने रकम निज आपुर्तिकर्ताको नाममा आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई मु अ कर भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार ३० प्रतिशतले हुने रकम कट्टि गरी सम्बन्धितको नाममा दाखिला भएको नपाइएकोले मुअकर समायोजन पत्र पेश हुनु पर्ने रू

भौ न मिति	योजनाको नाम	आपुर्तिकर्ताको नाम	भुक्तानी भएको मु अ कर	कट्टि गरी दाखिला गर्नु पर्ने मु अ कर
६।९।२९	ढकारी स्वास्थ्य चौकी आइआरएल रेफ्रीजेरेटर खरिद	देउति सुरगिमेड प्रा लि	४५४९९।००	१३७५३।१०
२७।२।२१	सुचना प्रशासन	पि एस एडभर्टाजिङ	२१७६२।००	६५२८।६
३०।२।२३	सुचना प्रशासन	पि एस एडभर्टाइजिङ	१४०४०।००	४२१२।००
४३।३।२४	सवारी साधन मर्मत	साहिल अटो पार्टस	५४७९५।००	१६४३८।५०
७६।१०।२३	मुलडफा बासल्ला सडक निर्माण	ढकारी जाल्पादेवी निर्माण सेवा	७२५४३।००	२१७६३।००
	जम्मा			६२६९५।६६

प्रमाण पेश नगरेको	६२,६९५.२

६४ मालसमान तथा उपकरण खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन । गुणस्तरीय उपकरण तथा मालसामान खरिद भएको सुनिश्चतता हुनु पर्दछ ।

क्र स	**खरिद भएका मालसामानको विवरण**	**आपुर्तिकर्ता**	**भुक्तानी रकम**	**कैफियत**
१	सोलार सामाग्रीखरिद तथा जडान	न्यू जे एम वि अर्डर एण्ड सप्लायर्स	९९६३००।००	संघीय सशर्त
२	ढकारी स्वास्थ्य चौकी आइआरएल रेफ्रीजेरेटर खरिद	देउति सुरगिमेड प्रा लि	३९८४७५।००	
३	ल्यापटप खरिद	थ्याङ्क यु विजनेस	१४९०००।००	

सैद्धान्तिक बेरुजु

६५ सोझै खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ । यो वर्ष पालिकाले नियमावलीमा तोकिएको १० लाखको सीमा एकै पटकमा ननाघ्ने गरी निम्नाननुसार रू ३१ लाख ४७ हजार ९०० को सडक मर्मत तथा अन्य निर्माण कार्य सोझै खरिद गरेको छ । उपभोक्ता समितिबाट कार्य गराउदा ओभरहेड तथा मुअकर समेत दिनु नपर्ने तथा जन सहभागिता समेत जुट्न सक्ने र ठेक्का मार्फत कार्य गराउदा घटाघट पनि हुन सक्ने

अवस्थामा सोझै निर्माण व्यवसायी बाट खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु अ कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य अत्याधिक महंगो परेको अवस्था छ । सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन ।

भौ न मिति	**निर्माण व्यवसायीको नाम**	**कामको विवरण**	**भुक्तानी रकम**
५९।९।२९	धामपितर निर्माण सेवा	कमल बजार घोडाशैन गल्वल सडक मर्मत	९६०९००।००
१२७।१।४	जमुना निर्माण सेवा	गाँउ सभा हल निर्माण	९७००००।००
१५७।३।२१	चक्र नम्रता निर्माण सेवा	गल्वाल देखि ढुंगाचाल्ना ग्रामिण सडक मर्मत	३१७०००।००
८४।११।०४	रमिताराज निर्माण सेवा	प्रहरी चौकी भवन निर्माण	९०००००।००
	जम्मा		**३१४७९००।००**

सैद्धान्तिक बेरुजु

६६ **फेव्रिकेटेड स्टील पार्टस खरिद तथा ढुवानी**

सेर शिव मन्दिरमा बन्ने झोलुङ्गे पुलको लागि आवश्यक स्टिल पार्टस खरिद तथा साइट सम्म ढुवानी गर्ने कार्यको लागि पालिका र वागेश्वरी स्टील स्ट्रक्चर प्र लि विच भएको सम्झौताको जि सि सि को बुदा न २६ तथा सोही अनुसारको एस सि सि मा आपुर्तिकर्ताले तोकिएको मिति भन्दा ढिलो पुरै वा कुनै सामान वा सो सँग जोडिएको सेवा आपुर्ति गरेको खण्डमा सम्झौता मुल्यको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन ०.०५ प्रतिशत पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरिने उल्लेख छ । पालिका र यस प्रालि विच मिति २०७९।७।२० मा भएको सम्झौतामा मिति २०७९।९।२० सम्म सम्झौता अनुसारको सबै पार्टस तथा समानहरु साइट सम्म पुर्याउनु पर्ने उल्लेख छ ।त्यसै गरी सम्झौता साथ संलग्न डेलिभरी एण्ड कम्पलिसन सेड्युलमा समेत सम्झौता मिति भन्दा २ महिना भित्र सामान डेलिभर हुनु पर्ने भन्ने उल्लेख छ । तर पेश भएको विवरणहरुबाट उक्त आपुर्तिकर्ताबाट कुनै पनि सामान पालिकाले बुझेको देखिदैन । त्यसै गरी उक्त प्रा लिले सबै सामान मिति २०८०।१।२४ मा केदार ग्रामिण नेपाल लाई सम्बन्धित उपभोक्ता समितिको रोहवरमा हस्तान्तरण गरेको भनि पालिकालाई लेखेको पत्रबाट देखिन्छ । अत यसरी सम्झौताको म्याद भन्दा ९४ दिन विलम्ब गरी सामान आपुर्ति भएको अवस्थामा सम्झौता मूल्य रू १८३८३०७।०० मा निर्धारण हुने पुर्व निर्धारित क्षतिपुर्ति गणना गरी असुल हुनु पर्दछ ।

असुल गर्नुपर्ने	८६,४००

६७ **बीमा नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रू बीस लाख भन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसारका रू २० लाख भन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वयन गर्नु पर्दछ ।

क्र स	**योजनाको नाम**	**सम्बद्ध निर्माण व्यवसायी**	**कूल सम्झौता मुल्य वा लागत**
१	१० शैयाको अस्पताल भवन निर्माण	धुलिखेल निर्माण सेवा	७६१७०५४१।००
२	थारा ढिल्की कसानी वडा अफिस टटाली रोड कन्स्नट्रक्सन	पुर्णादिवी निर्माण सेवा	६१७६३७५।००
३	प्रमुख प्रशासकीय भवन निर्माण	रविना जुगल कौशिक जे भि	७२८१४६७०।००

सैद्धान्तिक बेरुजु

६८ **बढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले विल विजकको भुक्तानी गर्दा सम्झौता अनुसारको कार्य सम्पादन वास्तविक विल विजकको आधारमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले थारा ढिल्की कसानी वडा अफिस टटाली रोड कन्स्न्ट्रक्सन पहिलो रनिङ विलको भुक्तानी दिदा प्राविधिक नापी किताव तथा मूल्याङ्कनको आधारमा रू २७३४०२४।०० हुनु पर्नेमा रू २७५२०३२।०० भुक्तानी भएकोले बढि भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसयीबाट असुल गर्नु पर्ने रू

असुल गर्नुपर्ने	१८,०००

६९ **प्रमुख प्रशासकीय भवन निर्माण**

स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ को बुदा न १२ नेपाल सरकारले गाँउपालिकाको हकमा ६० प्रतिशत बजेट उपलव्ध हुने व्यवस्था छ । त्यसै गरी बुदा न १४ मा स्थानीय तहले यस कार्यविधि बमोजिम कार्यान्वियन हुने आयोजनाको प्रत्येक रनिङ बिलको रकम भुक्तानी दिदा तोकिएको लागत सहभागिताको अनुपातमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्रमुख प्रशासकीय भवन निर्माण वापत निर्माण व्यवसायी रविना कौशिक जेभिलाई निम्नानुसार २ रनिङ बिलबाट कूल रू १४४९५३६४।०० को ६० प्रतिशतले हुने रू ८६९७२१८।०० नेपाल सरकारले व्यहोर्नु पर्ने देखिएकोमा पालिकाले नेपाल सरकारको स्रोतबाट रू ४३३९३६४।०० मात्र भुक्तानी दिदा स्थानीय तहबाट रू ४३९७८५४।०० बढि अनुपातमा भुक्तानी भएकोले सो सम्बन्धमा नेपाल सरकारलाई जानकारी गराई नेपाल सरकारबाट स्थानीय संचित कोषमा सोधभर्ना हुनु पर्दछ ।

विवरण	भुक्तानीभएको कुल रकम रू	नेपालसरकारको लागत सहभातिता अनुसार हुने रकम	नेपालसरकारको बजेटबाट भएको भुक्तानी
पहिलोबील	10156000	6093600	0
दोस्रोबील	4339364	2603618.4	4339364
जम्मा	14495364	8697218.4	4339364

सोधभर्ना नलिएको	४३,९७,८५४

७० **सुचना प्रविधिको प्रयोग**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को निमय १२९ मा कुनै कार्यालयले लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वा लेखा सम्बन्धी कारोवार गर्न महालेखा नियन्त्रक कार्यालय तथा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था छ । पालिकाले कर संकलनलाई व्यवस्थित गर्ने उद्देश्यले सुचना प्रणाली तथा सफ्टवेयर संचालनमा ल्याएकोमा नियमावलीको प्रावधान अनुसार सम्बन्धित निकायबाट स्वीकृति लिएको पाइएको देखिएन । नियमावलीको पालना हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **विद्यालयको भौतिक पूर्वाधार निर्माण**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २, ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ७५ लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रू

भौ न मिति	विद्यालयको नाम	वापत	भुक्तानी भएको रकम
२४।२।१४	ज्ञान मन्दिर मा वि ढकारी ५	भवन निर्माण	५००००००।००
२६।२।१८	पशुपतिनाथ जनकल्याण आ वि ढकारी ७	भवन निर्माण	२५००००००।००

प्रमाण पेश नगरेको	७५,००,०००

७२ **काठ विक्रिमा मु अ कर**

मूल्य अभिवृद्दि कर ऐन २०५२ को दफा १२(क)२ मा निजी आवादी, निजी वन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनको लागि विक्रि गरेमा रोयल्टी नलाग्ने भए पनि राष्ट्रिय वनको काठ सरह मु अ कर लाग्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि गठित लाभग्राही समुदायले काठ खरिद गरेकोमा उक्त विक्रेताहरुले मु अ कर असुल गरी दाखिला गरेको नदेखिएकोले सम्बन्धित विक्रेताहरुबाट मु अ कर असुल गरी दाखिला गर्नु पर्दछ ।

भौ न. मिति	योजनाको नाम	काठ विक्रेता	काठको विक्री मूल्य	मु अ कर
३२।३।१२	गोकुल आ वि ढकारी ५	खड्का वहादुर साउद	२२५०००।००	२९२५०।००
८०।१०।२९	कालिका आ वि ढकारी ५	विष्णु थापा	७११००।००	९३४३।००
		धौसे कामी	२१६००।००	२८०८।००
	जम्मा			४१३०१।००

असुल गर्नुपर्ने	४१,४०१

७३ **आइसिटी ल्याव स्थापना**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ । सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरि स्थापना गरिने कम्प्युटर तथा सूचना प्रविधि जन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ । यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ ।

क्र स	विद्यालयको नाम	सप्लायर्सको नाम	भुक्तानी रकम
१	गौरी संकर आ वि	पप लाइफ डिजिटल	६५३०००।००
२	मालिका मा वि टिमु	न्यू जे एम वि अर्डर सप्लायर्स	६५००००।००
३	गुरुकुल मा वि ढकारी १	ग्लोवल साइन्स एण्ड सर्जिकल सेन्टर	८२२७०८।००
		मा उग्रतारा कम्प्युटर एण्ड सप्लायर्स	४६५१०८।००
		गलोवल साइन्टिफिक ट्रेड प्रा लि	६२७१५०।००

सैद्धान्तिक बेरुजु

७४ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७५ **उपभोक्ता समितिको कार्यमा हेभि ईक्विपमेण्ट तथा सव कन्ट्याक्टर प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माणका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ ।निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो सम्पुर्ण काम डोजर तथा हेभिउकरण मार्फत गराउदा निर्माण व्यवसायीलाई सव कन्ट्र्याक्टमा लगाएको देखिन्छ । उपभोक्ता समितिलाई प्राप्त सबै काम निर्माण व्यवसायीको डोजर तथा हेभि उपकरण मार्फत गराउदा स्थानीय श्रम र सीपको उपयोग हुन सकेको देखिदैन । नियमावलीको उल्लिखित प्रावधान बमोजिम स्थानीय श्रम र सीपको प्रयोग हुने मनसायले उपभोक्ता समिति मार्फत हुने काममा निर्माण व्यवसायीको संलग्नतामा नियन्त्रण हुनु पर्दछ ।

क्र स	**उपभोक्ता समितिको नाम**	**उपभोक्ता समिति सँग भएको सम्झौता अंक (श्रमदान बाहेक)को भुक्तानी**	**संलग्न निर्माण व्यवसायीको नाम**	**निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत**
१	सरस्वति आ वि फिल्ड निर्माण उ स	२०००००।००	भगवान निर्माण सेव	२३००११।००
२	मुलडुफा बासल्ला रोड निर्माण उ स	५०००००।००	ढकारी जाल्पादेवी निर्माण सेवा	६३०५६६।००
३	भैरवथान बलता सडक निर्माण उ स	५९८७४५।००	ढकारी जाल्पादेवी निर्माण सेवा	६७४९२८।००
४	मौला हिच्मा खारखोला चाटावाडा वगरडाडा ग्रा स नि उ स	५३५०००।००	गैरिसंकर निर्माण सेवा	६७१४०१।००
	जम्मा			२२०६९०६।००

सैद्धान्तिक बेरुजु

७६ **प्रमाण पेश हुन नसकेको कार्य परीमाण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति

मार्फत निम्नानुसारको कार्य गर्दा वास्तविक परिमाण पेश भएका अन्य कागजातबाट पुष्टि हुन नसकेकोले वास्तविक पारिमाण भन्दा बढी भएको भुक्तानी सम्बन्धित उपभोक्ता समितहरुकोबाट असुल गर्नु पर्ने रु.

भौ न मिति	योजनाको नाम	नापी किताबको विवरण	परिमाण मिटरमा	पेश भएको विल अनुसार मिटर	दर	बढि भुक्तानी रकम
६८।१०।१९	किटान मुहान ज्ञान मन्दिर मा वि खा पा नि उ स	पाइपलाइन खन्ने पुर्ने कार्य	१८००	१५००	५६।५	१६८००।००

प्रमाण पेश नगरेको	१६,८००

७७ **प्रमान नपुगेका निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरि वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्य गर्दा नापी किताबमा उल्लेखित कार्य परिमाण लाई नर्मस अनुसार आवश्यक पर्ने सिमेन्टको परिमाण भन्दा खरिदको विल भरपाईको परिमाण घटी पेश भएको देखिएकोले आवश्यक प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु

योजनाकोनाम	कामकोविवरण	निर्मित संरचना परिमाण	आवश्यक सिमेण्ट परिमाण ब्यागमा	पेशभएकोविलअनुसारपरिमाण	प्रतिब्याग पिसिसिको लागत	बढिभुक्तानीरकम
कालिकादेवी मा वि ४ कोठे भवन निर्माण	PCC 1:3:6	१६.१७	७१ ब्याग	३७० ब्याग	२९८९	१७०९५४६।००
	PCC 1:1.5:3	७५.९५	६०७ ब्याग			
	C/s 1:6	१२४.१५	२६३ ब्याग			
गोकुल आ वि ढकारी ५	PCC 1:3:6	१६.१७	७१ ब्याग	४१५	२९८९	९५७८३।००
	PCC 1:1.5:3	३१.२७	२५०			
	C/s 1:6	५९.३१	१२५			
वडा कार्यालय प्रतिक्षालय मर्मत उ स	PCC 1:3:6	६.९९	३१	३०	४९१३	९५०६२।००
	C/s 1:6	८.७७	१८			
श्री षोडसादेवी मन्दिर नि उ स	PCC 1:1.5:3	१०.४२	८३	३४	२९८९	१४६४६१।००
जम्मा						२०४६८५२।००

प्रमाण पेश नगरेको	२०,४६,८५४

७८ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७९ **बैठक भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन)ऐन, २०७६ को अनुसूची-१ (क) मा गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र गाउँ कार्यपालिकाका सदस्यको सुविधा सम्बन्धी व्यवस्था गरेको छ ।जस अन्तर्गत नोट नं. (१) बैठक भत्ता रु.१०००।– का दरले महिनामा बढीमा २ वटासम्म बैठक भत्ता पाउन सकिने व्यवस्था गरेको छ । जस अनुसार निम्नानुसार सभा सदस्यहरु तथा कार्यपालिका पदाधिकारीहरुलाई बैठक भत्ता भुक्तानी भएकोमा लेखापरीक्षण साथ पेश माईन्युटमा भएको उपस्थिति निम्नानुसार देखियो ।

गाउँपालिकाको आ.व.२०७९/ ०८० कार्यपालिका सदस्यले नियमानुसार कार्यपालिकाको बैठक भत्ता वापत भुक्तानी हुनुपर्ने रकम				
जम्मा बसेको कार्यपालिकाको बैठक	**कार्यपालिका सदस्य र आमन्त्रित सदस्यको संख्या**	**जम्मा बैठकको हाजिरी संख्या**	**नियमानुसार पाउनुपर्ने बैठक भत्ता दर**	**हुनुपर्ने भुक्तानी**
१६	४६	२८३	१०००	२८३०००

गाउँपालिकाको बर्षे र हिउँदे अधिवेशन बसे वापत नियमानुसार भुक्तानी हुनुपर्ने रकम			
गाउँसभा सदस्य संख्या	**बैठक संख्या**	**बैठक भत्ता**	**हुनुपर्ने भुक्तानी**
४४	२	१०००	८८०००

उल्लिखित विवरण अनुसार आ.व. २०७९/०८० मा पदाधिकारी बैठक भत्ता नियमानुसार रु.३७१०००।– भुक्तानी हुनुपर्नेमा रु.१०५९०००।– रकम बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको देखिएकोले बढि भुक्तानी भएको रकमको सम्बन्धमा एकिन गर्नु पर्दछ अन्यथा असुल हुनु पर्दछ ।

प्रमाण पेश नगरेको	६,८८,०००

८० **असम्बन्धित व्यक्तिलाई भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष सिटिजन बैंक इन्टरनेशनल लि. का कर्मचारी महेश शाही र दुर्गा प्रसाद भाट लाई भौ न ३८४ तथा मिति २०७९/०३/१५ बाट भ्रमण खर्च उपलव्ध गराई खर्च लेखेको छ । तर पालिकाको आफ्नो कर्मचारी नभएका निजहरुलाई उक्त रकम भुक्तानी गर्नुको आधार कारण एकिन नभएकोले आवश्यक पुष्ट्याई पेश हुनु पर्दछ ।

प्रमाण पेश नगरेको	२७,२५०

८१ **सवारी मर्मत**

सवारी साधन मर्मत (साना तथा ठुला) शिर्षकबाट जिल्ला समन्वय समितिबाट हस्तान्तरण भई पालिकालाई प्राप्त भएको तर जिल्ला समन्वय समितिबाट हस्तान्तरण फारम र पालिकाको जिन्सी खातामा दाखिला नभएको गाडी नं. बा.२ झ. ६७४८ ल्याण्ड क्रुजर गाडीको मर्मत सम्भार वापत पालिकाले रु.३,५१,९९५।०० खर्च लेखेको देखिन्छ।पालिकाले जिल्ला समन्वय समितिबाट प्राप्त भएको गाडीको हस्तान्तरण फारमको आधारमा पालिकाको जिन्सी खातामा उक्त गाडी दाखिला गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८२ **विल विजक पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने व्यक्तले विल विजक सहित रित पुगेको हकमा मात्र सम्बन्धितलाई भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार व्यक्तिलाई रकम भुक्तानी गर्दा रीत पुर्वकको विल विजक पेश नभएकोले विल विजक पेश गर्नु पर्ने रू

भौ न मिति	व्यहोरा	भुक्तानी प्राप्त गर्ने व्यक्ति	रकम
२६३/ २०७९/१२/३०	भ्रमण खर्च भुक्तानी भएकोमा प्लेनको टिकट र बोर्डिङ पास पेश नभएको	वडा ३ नं. वडाका वडा अध्यक्ष श्री चन्द्रबहादुर बुढा	६३५०। ००
३८८/ २०७९/०३/१८	त्रिपुरासुन्दरी भगवती मन्दिरको निर्माण खर्च भुक्तानी	वडा न ८ का अध्यक्ष श्री उद्धवराज उपाध्याय	५००००। ००
२६४/ २०७९/१२/३०	रोजगार संयोजक श्री प्रेमबहादुर साउँद मार्फत भएको गाडफ मर्मत खर्चको सक्कल विजक प्राप्त नभएको	बागेश्वरी मल्टि मोटर्स, अत्तरिया कैलाली	३३३५०। ००

प्रमाण पेश नगरेको	८९,७००

८३ **शिर्षक फरक पारी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शिर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । त्यसै गरी अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को खर्च शिर्षको वर्गिकरण र ब्याख्यामा करार सेवामा कार्यरत कर्मचारीको पारिश्रमिक खर्च करार सेवा शुल्क वा अन्य सेवा शुल्कमा विनियोजित बजेटबाट पालिकाले यो वर्ष निम्नानुसार फरक शिर्षकमा विनियोजित बजेटबाट करारमा कार्यरत कर्मचारीको पारिश्रमिक खर्च गरेको देखिएकोले नियमित गर्नु पर्ने रू

भौ न मिति	विनियोजित शिर्षक	खर्च भएको कार्य	रकम
३९९/२०८०/०३/२०	पारिश्रमिक स्थाई कर्मचारी	पशु सेवा शाखामा कार्यरत करार कर्मचारीको पारिश्रमिक	२०२९५०।-
४००/२०८०/०३/२०	पारिश्रमिक स्थाई कर्मचारी	स्वास्थ्य सेवातर्फका कार्यरत करार कर्मचारीलाई तलव	४१३८२०।-
४०१/२०८०/०३/२०	पारिश्रमिक स्थाई कर्मचारी	कृषि शाखा र पशु शाखामा कार्यरत करार कर्मचारीलाई पारिश्रमिक	१२९२०८।-
४०२/२०८०/०३/२०	पारिश्रमिक स्थाई कर्मचारी	स्वास्थ्य सेवा शाखामा कार्यरत करार कर्मचारीलाई पारिश्रमिक	११८८००।-
४०३/२०८०/०३/२०	पारिश्रमिक स्थाई कर्मचारी	प्राविधिक शाखामा कार्यरत करार कर्मचारीलाई पारिश्रमिक	४३६८९
	जम्मा		९०८४६७।००

अनियमित भएको	९,०८,४६७

८४ **गाडी भाडा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन)ऐन, २०७६ को अनुसूची-१ (क) मा गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र गाउँ कार्यपालिकाका सदस्यको सुविधा सम्बन्धी व्यवस्था गरेको छ ।जस अन्तर्गत नोट नं. (९) मा उपाध्यक्षलाई गाडी सुविधा उपलब्ध नभएको खण्डमा मासिक रु.९०००।– दिन सक्ने व्यवस्था छ र सो सुविधा मासिक रूपमा उपलब्ध भएको देखिन्छ । पालिकाका उपध्यक्ष श्री चन्द्रकलादेवी शाहीलाई यातायत खर्च वापत मासिक रू ९०००।०० उपलव्ध भैरहेको देखियो । त्यसै गरी अनुगमन तथा भ्रमणमा जाँदा विल बमोजिमको भ्रमण खर्च उपलव्ध गराएको देखिन्छ । यसको अतिरिक्त निम्नानुसार गाडा भाडामा लिई यो वर्ष निम्नानुसार रू ३९६३२९।०० भुक्तानी भएको देखिन्छ । मासिक सुविधाको अतिरिक्त गाडि सुविधा वापत भएको खर्च नियमसम्मत भएको नदेखिएकोले नियमित गर्नु पर्ने रू

भौ न मिति	व्यहोरा	भुक्तानी रकम
३९४। २०७९/०३/१८	ईन्धन सुविधा वापत भुक्तानी	१३९७५३।००
३२१। २०८०/०२/१७	महेश गुर्धामीसँग गाडी भाडा सम्झौता गरी रकम भुक्तानी	८००००।००
	डिजेल वापत रकम भुक्तानी	६६५७६।००
२०७९/१०/२४	महेश गुर्धामीसँग गाडी भाडा सम्झौता गरी रकम भुक्तानी	३००००।००
२०७९/११/०६	महेश गुर्धामीसँग गाडी भाडा सम्झौता गरी रकम भुक्तानी	१००००।००
२०७९/१०/२९		७००००।००
	जम्मा	३६६३२९।००

अनियमित भएको	३,९६,३२९

८५ **राजस्व दाखिला नभएको**

यस गाउँपालिकाले विभिन्न मितिमा सवारी साधन संचालन कार्यविधि, २०७९ को अनुसूची-३ अनुसार डोजर भाडा प्रतिघण्टा रु.४०००।– का दरले लिन पाईने भनि व्यवस्था गरेको छ । यस पालिकाले विभिन्न मितिमा देहायका व्यक्ति, उपभोक्ता समिति र संस्थाहरूलाई डोजर भाडामा उपलब्ध गराए वापत प्राप्त भएको बहाल रकम रकम राजश्व खातामा दाखिला गर्न बाँकी रहेको देखिएकोले उक्त रकम स्थानीय संचित कोष दाखिला हुनु पर्दछ ।

क्र.सं.	डोजर भाडा प्रयोकर्ताहरू	रकम (रु.)
१.	मालिका मा.वि. टिमु	४१४४००
२.	कालिकादेवि मा.वि. हिच्मा	३३४००
३.	गाउँपालिका भवन	१००२४०
४.	घोडासैन सडक निर्माण	२५००००
५.	फाँटाबगर सडक निर्माण	१५७५००
६.	मनतोला सडक निर्माण	१९९२००
७.	बलाता सडक निर्माण	२१४८००
८.	बलाता कापडी कैलास सडक निर्माण	४८०००
९.	मदन बहादुर कुँवर	४०००
१०.	१० शैया अस्पताल माटो भरान	१२८०००
११.	पार्वती साउद	६१००
जम्मा		**१५५५६४०**

असुल गर्नुपर्ने	१५,५५,६४०

८६ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम नियम १३ मा दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण गर्न नहुने तथा मृत्यु भैसकेका लाभग्राहीहरुको विवरण मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा नमुना परीक्षणको क्रममा पालिकाले निम्न व्यक्तिलाई दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण गर्नुको साथै दोहोरो परेको व्याक्तिहरुको लगत कट्टा गरेको देखिएन । दोहोरो परेको व्यक्तिहरुको नाम लगत कट्टा गरि सम्वन्धित खातामा रकम फिर्ता हुन पर्दछ ।

क्र स	नाम थर	खाता नम्वर	वाडा न.	भुक्तानी रकम
१	धनबिरे कामि	०७९०१००००८३८७०३३	१	७९८०।
२	मनसरा सार्कि	०७९०१००००८३८६०३३	१	७९८०।
३	मंगलि ढोलि	०७९०१००००९०६६०३३	३	७९८०।
४	अमृता देवि बुढा	०७९०१००००९३८७०३३	३	५३२०।
५	भजनि कामि	०७९०१००००९५८८०३३	७	२६६०।
६	रितु बुढा	०७९०१००००७३२२०३३	४	१५९६।
७	जिवन बहादुर थापा	०७९०१००००८८५८०३३	७	१५९६।
८	नविन खड्का	०७९०१००००१५६७०३३	८	१५९६।
९	अर्जुन बुढा	०७९०१००००१८५२०३३	१	१५९६।
१०	निर्मला टमट्टा	०७९०१००००८२८९०३३	१	१५९६।
११	तपेन्द्र शाहि	०७९०१००००७८४३०३३	२	१५९६।
१२	कपिल सार्की	०७९०१००००८३०१०३३	२	१५९६।
१३	पुरन बिक	०७९०१००००४२६३०३३	२	१५९६।
१४	रितु शाहि	०७९०१००००७३०४०३३	३	१५९६।
१५	भुमिसरा थापा	०७९०१००००७६०४०३३	४	१६०।
१६	निर्मला रिमाल	०७९०१००००७४८८०३३	१	१५९६।
१७	विपना बुढा	०७९०१००००८१७८०३३	४	१५९६।
१८	चित्रकला बुढा	०७९०१००००९६०६०३३	१	१५९६।
१९	विमला बुढा	०७९०१००००७२७५०३३	३	१५९६।
२०	लोकेन्द्र कामि	०७९०१००००९७०२०३३	५	५३२।
जम्मा				५३,३७८।

असुल गर्नुपर्ने	५३,२००

८७ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

क्र स	विवरण	खर्च रकम
१	प्रहरी चौकीको भवन निर्माण	९००००००।००

सैद्धान्तिक बेरुजु

८८ **अनुगमन**

सुदूर पश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि २०७९ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को क्रमस बुदा न १२ र ११ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन ।

क्र स	**स्रोत**	**सम्पन्न योजनाहरु**	**बजेट खर्च**
१	प्रदेश विशेष अनुदान	खडिका रुख तल्ला बासल्ला खानेपानी निर्माण	२५०००००।००
२	प्रदेश समपुरक अनुदान	०	०
३	संघ विशेष अनुदान	बलता स्वास्थ्य चौकी भवन निर्माण	५४६२६५१।००
४	संघ समपुरक अनुदान	थारा ढिल्की वडा कार्यालय सम्मको सडक निर्माण	४३१९९३२।००

सैद्धान्तिक बेरुजु

अनुगमन लेखापरीक्षण

८९ सम्परीक्षण तथा अद्यावधिक बेरुजु

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्योट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु मध्ये फर्स्योट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस **ढकारी गाउँपालिका, अछाम** को २०७९।८० सम्मको फर्स्योट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju	यो वर्ष कायम बेरुजू(C) beruju	संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju
१	१४४९४५०००	०	६४७७४२५५.२	०	२०९७१९२५५.२

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : ढकारी गाउँपालिका, अछाम , धकारी गाउँपालिका , अछाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राजेन्द्र भाट	२०७७-९-१८	२०७९-५-२८
कार्यालय प्रमुख	टेक नारायण पोखरेल	२०७९-५-२९	हाल सम्म कार्यरत
लेखा प्रमुख	विमल साउद	२०७७-९-१८	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,९४८,३०६	४४,९०४,७९६	१०,४६१,२९९.२	०	४,३९७,८५४	२,०६२,०००
				जम्मा बेरुजु रकम	६४,७७४,२५५.२
				लेखापरीक्षणको क्रममा असुली रु	०

स्थानीय तह :

https://nams.oag.gov.np

गत बर्षको जिम्मेवारी		१७०३५८२९.७१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२९८०८५०००	चालु खर्च	२८४२१९६३८.३
प्रदेश सरकारबाट अनुदान	८८३८०००.०	पूँजीगत खर्च	८७४४८३८४
राजश्व बाँडफाँट	८११११०५३.०४	वित्तीय/अन्य व्यवस्था	१५१६४२३६७.०७
आन्तरिक आय	४२०२८५८.६४		
अन्य आय	१३७४३११९९.७७		
कुल आय	५२९६६८१११.४५	कुल खर्च	५२३३१०३८९.३७
बाँकी मौज्दात		२३३९३५५१.७९	

अनुसूची - २